**पञ्चदेवल विनायक नगरपालिका विनायक अछाम**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १० मितिः २०७९/०९/०५

## भाग-१
## पञ्चदेवल विनायक नगरपालिका अछाम

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम पञ्चदेवल विनायक नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम **प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९** रहेको छ ।

(२) यो ऐन पञ्चदेवल विनायक नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले पञ्चदेवल विनायक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले पञ्चदेवल विनायक नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले पञ्चदेवल विनायक नगरपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त पञ्चदेवल विनायक नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही पञ्चदेवल विनायक नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५. **खारेजी र बचाऊ:** यो ऐन बन्नु अगाडि नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत भएका ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड एवं प्रशासकीय प्रकृतिका निर्णय र आदेश यसै ऐन बमोजिम भएको मानिने छ ।

**आज्ञाले**
**शिवप्रसाद रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**